सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०८०/८१ को तेश्रो त्रैमासिक (माघदेखि चैत्रसम्म) को प्रगति विवरण

(PROACTIVE DISCLOSURE)



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरवार, काठमाडौं

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको तेश्रो त्रैमासिक (माघदेखि चैत्रसम्म) को प्रगति विवरण

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो।

नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानीय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण विभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराईं जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग गठन भएको छ।

नेपाल सरकार कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेका छन्।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) मा "राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना

प्रविधिको उच्चतम उपयोग गर्ने।", धारा ५१ (च) (७) मा "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने।" धारा ५१ (च) (८) "जनसांख्यिक तथ्याकंलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।" धारा ४३ "आर्थिक रुपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा भत्ता व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्ट कार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

**पन्ध्रौं योजना:** पन्ध्रौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना **(Game Changer Program)** का रुपमा राखेको छ।

**डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था:** डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**आ. व. २०८०/८१ को बजेट वक्तव्य:**

**बुँदा नं. २८६:** चालु आ व बाट ६८ बर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई प्रदान गरिदै आएको मासिक ४ हजार रुपैंया भत्तालाई निरन्तरता दिइएको छ। ६० बर्ष पूरा भएका दलित, एकल महिला, विपन्न, सीमान्तकृत वर्ग र समुदाय तथा बालबालिकालाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ताको निरन्तरताको लागि बजेट विनियोजन गरिएको छ।

**बुँदा नं. २८९:** व्यक्तिगत घटना दर्तालाई वडास्तरबाटै विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था मिलाइने छ। सामाजिक सुरक्षा सुचना प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैंक खातामा जाने व्यवस्था गरिनेछ।

**बुँदा नं. ४४१:** राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र लगायतका सेवा सहज रुपमा उपलब्ध गराउन आवश्कता अनुसार दुई शिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। राष्ट्रिय परिचयपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमन लगायतका सेवा प्रवाहका लागि सञ्चालित विद्युतीय प्रणालीहरुबीच अन्तरआवद्धता कायम गरी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ। विभिन्न सरकारी सेवाहरुको सूचना प्रणालीलाई नागरिक एपसँग आवद्ध गरिनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

आ व २०८०/८१ को नीति तथा कार्यक्रमः

१५९. सबै वडा कार्यालयबाट अनलाईन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याउनुका साथै विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना कार्य शुरु गरिनेछ।

१६०. राहदानी, राष्ट्रिय परिचयपत्र र सवारीचालक अनुमतिपत्र तथा वैदेशिक अध्ययनका क्रममा आवश्यक पर्ने नो अब्जेक्सन लेटर लगायतका सेवाहरु समयमै सहजताका साथ उपलव्ध गराइनेछ।

१६४. राष्ट्रिय परिचयपत्र विवरण दर्ता तथा वितरणलाई अभियानको रुपमा सञ्चालन गरी स्थानीय तहबाटै वितरणको व्यवस्था मिलाइनेछ। एक बर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने अभियान सञ्चालन गरिनेछ। नागरिकको व्यक्तिगत जैविक विवरण एकपटक मात्र लिने र त्यस्तो विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

१६५. आगामी तीन वर्षभित्र जग्गाधनी प्रमाण पुर्जा, बैंक खाता, स्थायी लेखा नम्बर र सवारी चालक अनुमतिपत्र जारी गर्दा अनिवार्य रुपमा राष्ट्रिय परिचय नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था गरिनेछ।

गृह प्रशासन सुधार योजना, २०७८

क) नीतिगत र कानूनी सुधार

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- १ वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- १ वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,
- अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र अन्तर आवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण

- १ वर्षभित्रमा O&M Survey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने।
- एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण र प्रणालीगत एकीकरण गरी राज्यबाट प्रवाह हुने अन्य सेवा सुविधालाई एकीकृत गर्ने।

ङ) सेवा प्रवाह र सुशासन

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सिंहदरबार, काठमाडौं

- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाउने।
- राष्ट्रिय परिचयपत्रको उपयोगका लागि सरोकारवाला निकायहरुबीच अन्तर-आवद्धता प्रोटोकल तयार गर्ने।

**च) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लाई सुदृढीकरण गर्ने।

**छ) समन्वय सहजीकरण**

- २ वर्षभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NID MIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युत्तीय प्रणालीलाई आवद्ध गर्ने।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- सूचना व्यवस्थापन प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

अनुसूची - ०

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

### प्रशासन, योजना तथा अनुगमन शाखा

**प्रशासन**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- क.अधिकृत, रा.प.तृ.(विविध) - १
- ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- ह.स.चा.श्रेणीविहीन (करार) - ५
- का.स. श्रेणीविहीन (करार) - ६

**योजना, अनुगमन तथा समन्वय**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) -

**आर्थिक प्रशासन**
- ले.अ., रा.प.तृ. (प्र./ले.) - १
- ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

### राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### पञ्जिकरण शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

### सामाजिक सुरक्षा शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

### सूचना प्रविधि शाखा
सू.प्र.नि., रा.प.द्वि. (विविध) -

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
- क. इन्जि., रा.प.तृ. (विविध) - २
- क. अधिकृत, रा.प.तृ.(विविध) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

**विद्युतिय सेवा समन्वय**
- क. इन्जि, रा.प.तृ. (विविध) - १
- त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
- त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
- क.टे. ,रा.प.अनं.प्र. (विविध) (करार)-

## हाल विद्यमान रहेको जनशक्ति विवरण, स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | २०८० पौष सम्म कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा .प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | ० | ० | १ | |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | २ | ० | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | ३ | ० | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ५ | ० | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| १३ | हलुका सवारी चालक | श्रेणीविहिन | | | ५ | ५ | ० | सेवा करारबाट पूर्ति |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | ८ | ८ | ० | सेवा करारबाट पूर्ति |
| | | | | जम्मा | ४६ | ४५ | १ | |

## जनशक्ति विवरण : स्वीकृत अस्थायी दरबन्दी र करारतर्फ

| क्र.सं. | पद | दरबन्दीको प्रकार | स्वीकृत दरबन्दी | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ३ जना | ३ जना | थप ३ जना काजमा |
| २ | नायब सुब्बा | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ५ जना | ५ जना | |
| ३ | कम्प्युटर इन्जिनियर | अस्थायी दरबन्दी (करार र स्थायी पूर्ति) | १५ जना | ८ जना | ७ जना रिक्त |
| ४ | कम्प्युटर टेक्निसियन | सेवा करार | १२ जना | १२ जना | |
| ५ | विवरण दर्ता अपरेटर | सेवा करार, दैनिक ज्यालादारी | १०६६ जना | ५२८ | रिक्त ५३८ जना |
| ५.१ | विवरण दर्ता अपरेटर | अभियानमा खटिएका | | २५१ जना | |
| ५.२ | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयमा | | २३० जना | |
| ५.३ | विवरण दर्ता अपरेटर | विभाग र काठमाडौं उपत्यकामा रहेका स्टेशनमा खटिएका | | ४७ जना | |

**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत कर्मचारी विवरण:**

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति करार | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | Senior Procurement Specialist | | | १ | १ | ० |
| २ | Financial Management Specialist | | | १ | १ | ० |
| ३ | Payment Specialist | | | १ | ० | १ |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | ० | १ |
| ५ | Communication Specialist | | | १ | १ | ० |
| ६ | Communication Officer | | | १ | ० | १ |
| ७ | Procurement Officer | | | १ | ० | १ |
| ८ | Program Officer | | | १ | ० | १ |
| ९ | MIS Team Leader | | | १ | १ | ० |
| १० | System Analyst | | | २ | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | १ | ० |
| १२ | Grievance Manager | | | १ | ० | १ |
| १३ | Senior Software Developer | | | १ | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | ० | १ |
| १५ | MIS Developer/ Programmer | | | ४ | २ | २ |
| १६ | MIS Training Support Staff | | | ४ | १ | ३ |
| १७ | Technical Document Writer | | | १ | ० | १ |
| १८ | Assistant DBA | | | २ | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | १ | ० |
| २० | Account Assistant | | | ३ | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | २ | ० |
| २२ | MIS Operator | | | १००० | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | ९९७ | २ |
| २४ | Driver (Support Staff) | | | २ | २ | ० |
| २५ | Office assistant (Support Staff) | | | २ | २ | ० |
| | जम्मा | | | २०३६ | २०१२ | २३ |

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | नाम | पद | शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री मुकेश कुमार केशरी | निर्देशक | राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा | ९८५१३००५१९ |
| २ | श्री शिवराज सेढाई | निर्देशक | सामाजिक सुरक्षा शाखा | ९८५१३००५१८ |
| ३ | श्री पर्व प्रसाद सापकोटा | निर्देशक | प्रशासन, योजना अनुगमन तथा समन्वय शाखा | ९८५१३००५२२ |
| ४ | श्री दिल कुमार तामाङ | निर्देशक | पञ्जीकरण शाखा | ९८५१३००५२१ |
| ५ | श्री सुभाष ढकाल | निर्देशक | सूचना प्रविधि शाखा | ९८५१३००५२० |

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने प्रमुख सेवा

- नेपाली नागरिकहरुलाई वैयक्तिक र जैविक विवरण सहितको स्मार्ट कार्ड परिचयपत्र उपलब्ध गराउने र सोको व्यवस्थापन गर्ने,
- व्यक्तिगत घटना दर्ताको व्यवस्थापन गर्ने,
- सामाजिक सुरक्षा भत्ता कार्यक्रम व्यवस्थापन गर्ने।

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली २०७७ बमोजिम,
- सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली २०७६ बमोजिम।

**निर्णय गर्ने प्रक्रिया र अधिकारी:** सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

**निर्णय उपर उजुरी सुन्ने अधिकारी:** महानिर्देशक

## तेश्रो त्रैमासिक (२०८० माघदेखि चैत्रसम्म) मा सम्पादित कार्यहरुको विवरण:

### १. राष्ट्रिय परिचयपत्र तर्फः

राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन

- हालसम्मः १४३८५३५२ जना (अफलाईनबाट संकलित केही विवरण राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट हुन बाँकी रहेको)।

२०८० चैत्र मसान्तसम्म अभियान सम्पन्न भएका जिल्ला:

- जिल्लाः ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, ओखलढुङ्गा, तेह्रथुम, धनकुटा, भोजपुर, मोरङ्ग, सुनसरी, सोलुखुम्वु, ओखलढुङ्गा, उदयपुर, खोटाङ, सप्तरी, सर्लाही, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, चितवन, धादिङ्ग, मकवानपुर, ललितपुर, भक्तपुर, दोलखा, कास्की, गोरखा, बाग्लुङ्ग, स्याङ्जा, तनहुँ, पर्वत, मनाङ्ग, लमजुङ्ग, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), म्याग्दी, गुल्मी पाल्पा, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम), रुपन्देही, बर्दिया, रुकुम पूर्व, कपिलवस्तु, दाङ्ग, बाँके, रुकुम (पश्चिम), रोल्पा, प्यूठान, सुर्खेत, सल्यान, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ्ग, डोटी, अछाम, कैलाली, बाजुरा, अर्घाखाँची, काठमाण्डौ, नुवाकोट, रसुवा, दैलेख, कालीकोट, जाजरकोट (६६ जिल्ला)।
- स्थानीय तह: ६३७
- वडा: ५७१५

२०८० चैत्र मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्ला:

सिराहा, धनुषा, बारा, पर्सा, रौतहट, महोत्तरी, जुम्ला (७ जिल्ला)।

२०८० माघदेखि चैत्रसम्मको मासिक विवरण संकलन :

| महिना | जम्मा विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|
| माघ | १४९०१६ | ० | ८ | ६२ |
| फाल्गुन | १३६४०५ | २ | २१ | १११ |
| चैत्र | १२९३९७ | २ | ११ | ८१ |
| जम्मा | ४१४८१८ | ४ | ४० | २५४ |

[signature]

राष्ट्रिय परिचयपत्र सम्वन्धी चैत्र मसान्तसम्मको विवरणः

<u>राष्ट्रिय परिचयपत्र प्राप्ति, छपाई तथा वितरण (पहिलो चरणको ११७००० सहित)</u>

- राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्तिः १ करोड २१ लाख १७ हजार
- राष्ट्रिय परिचयपत्र कार्ड छपाईः ३० लाख १९ हजार १ सय १४
- राष्ट्रिय परिचयपत्र कार्ड वितरणः ४ लाख २२ हजार ९ सय २१
- २१ लाख ७३ हजार ५ सय ३ कार्ड वितरणका लागि संपूर्ण जिल्ला प्रशासन कार्यालयहरुमा पठाईएको।

<u>विवरण संकलन अभियान सञ्चालनमा रहेका जिल्लाः</u>

- सिराहा, धनुषा, बारा, पर्सा, रौतहट, महोत्तरी, जुम्ला। (७ जिल्ला)
- मुस्ताङ्ग जिल्लामा कम जनसंख्या रहेकोले स्थायी विवरण दर्ता स्टेशनबाट विवरण संकलन भइरहेको।
- डोल्पा, मुगु र हुम्ला जिल्लामा अभियान शुरु हुन बाँकी रहेको।

<u>राष्ट्रिय परिचयपत्र वितरण अभियानः</u>

- अभियान सञ्चालन भइरहेको जिल्लाः कञ्चनपुर
- हालसम्म अभियानबाट वितरण भएको कार्ड संख्याः २३२४९
- अभियान सम्पन्न स्थानीय तहः ० वटा
- अभियान सम्पन्न वडाः २० वटा

<u>तालिम तथा अभिमुखीकरण</u>

(क) राष्ट्रिय परिचयपत्र सम्वन्धीः

१. माघः

सिराहा र रौतहट जिल्लामा क्रमशः १४० र १५१ जनाको उपस्थितिमा राष्ट्रिय परिचयपत्र सम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।

२. फाल्गुनः

- कञ्चनपुर जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया र तालिम कार्यक्रम सम्पन्न भएको। (उपस्थिति क्रमशः ८०/५६ जना)
- राष्ट्रिय परिचयपत्र वितरण अभियान सञ्चालनको लागि पहिलो चरणमा कञ्चनपुर जिल्लामा २३ जना विवरण दर्ता अपरेटरहरु खटाइएको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा रहेको विवरण थप रुजु गर्ने कार्यको लागि १७ जना विवरण दर्ता अपरेटरहरुलाई विभागमा खटाइएको।

३. चैत्रः

- काठमाडौं महानगरपालिकाका वडा सचिव सहित ३० जनाको उपस्थितिमा महानगरको सभाहलमा राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।

- काठमाडौं जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौंको सभाहलमा ४४ जनाको उपस्थितिमा पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- झापा जिल्लामा कार्ड वितरणको लागि खटाउन विभागको सभाहलमा २१ जना विवरण दर्ता अपरेटरहरुलाई तालिम प्रदान गरिएको।
- काठमाडौं जिल्लामा कार्ड वितरणको लागि खटाउन विभागको सभाहलमा ४७ जना विवरण दर्ता अपरेटरहरुलाई तालिम प्रदान गरिएको।

**थप कामहरु:**

- परिचयपत्रको गुणस्तर परीक्षण (Quality Assurance, QA) र कार्ड छपाईको काम दुई सिफ्टमा सञ्चालन गरिएको।
- विवरण दर्ता, परिचयपत्र वितरण, थप रुजु तथा परिचयपत्रको गुणस्तर परीक्षण (Quality Assurance, QA) को दैनिक प्रतिवेदन प्रविष्टि गर्ने Daily Reporting System सञ्चालनमा आएको।
- कञ्चनपुर जिल्लाको अलावा काठमाण्डौ महानगर पालिकाका १ देखि ८ नम्वर वडाहरुमा परिचयपत्र वितरणको कार्य भइरहेको।
- व्यक्तिले आफ्नो राष्ट्रिय परिचय नम्वर आफैं हेर्न सक्ने प्रणाली (Citizen Portal) विकास भई कार्यान्वयनमा आएको।

**अनलाईनमार्फत माघ, फाल्गुन र चैत्र महिनामा भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी मासिक विवरण:**

| महिना | अनलाईन मार्फत दर्ता भएका घटना संख्या (वटा) | | | | | | अनलाइन मार्फत घटना दर्ता शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाईं सराइ | सम्बन्ध विच्छेद | जम्मा | |
| माघ | ६१५५१ | २०४२३ | २३१९५ | १०४१६ | २१७४ | ११७७५९ | ६ |
| फाल्गुन | ६१७७१ | १९०२० | २३८६२ | १०८९३ | २०१८ | ११७५६४ | x |
| चैत्र | ५७३१५ | १७३१२ | २४३५२ | १०९०१ | २२१६ | ११२०९६ | ३ |
| जम्मा | १८०६३७ | ५६७५५ | ७१४०९ | ३२२१० | ६४०८ | ३४७४१९ | ९ |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

अनलाईनमार्फत २०८० चैत्र मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:

| अनलाईन मार्फत २०८० चैत्र महिनामा मात्र भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद | बसाई सराई | कुल घटना दर्ता संख्या |
| ३ | ५७३१५ | १७३२१ | २४३५२ | २२१६ | १०९०१ | ११२०९६ |

चैत्र मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या:

| क्र.सं. | लाभग्राहीको वर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | १६३२९३७ | ४३.६३ |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | १६९६४ | ०.४५ |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | १६०२७८ | ४.२८ |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | १९८५४७ | ५.३१ |
| ५ | विधवा | ३७९९७३ | १०.१५ |
| ६ | पूर्ण अपाङ्गता (क वर्ग) | ६६९१८ | १.७९ |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | १४३२३५ | ३.८३ |
| ८ | लोपोन्मुख जाती | २२३३८ | ०.६० |
| ९ | बालबालिका (दलित) | ३४७३२८ | ९.२८ |
| १० | बालबालिका (क्षेत्र तोकिएको) | ७७३८८३ | २०.६८ |
| ११ | लोपोन्मुख बालबालिका | १५ | ०.०० |
| कुल जम्मा | | ३७४२४३२ | १००% |

तालिम तथा अभिमुखीकरण:

(ख) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी:

१. माघ:

- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरी ७० जना कर्मचारीलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्तासम्बन्धी अभिमुखीकरण गरिएको।

२. फाल्गुन:

- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समन्वयमा ७० जना कर्मचारीहरु र मादी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कास्कीको समन्वयमा २८ जना कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण गरिएको।

३. चैत्र:

- ईलाम नगरपालिका, ईलामको समन्वयमा ३७ जना र पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोकको समन्वयमा २६ जना कर्मचारीहरु तथा जनप्रतिनिधीहरुलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको।
- सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका, दोलखा जिल्लाको जिरी नगरपालिका, रामेछाप जिल्लाको मन्थली नगरपालिका र रामेछाप नगरपालिकामा व्यक्तिगत घटना दर्ता सम्बन्धी छलफल/अन्तरक्रिया गरिएको।
- रामेछाप नगरपालिकाका सम्पूर्ण (९ वटै वडा कार्यालयका) स्थानीय पञ्जीकाधिकारीहरुलाई घटना दर्ता सम्बन्धमा अनुशिक्षण प्रदान गरिएको।

## ४. हाल संचालनमा रहेका व्यवस्थापन सूचना प्रणाली

- NIDMIS ( National Identity Management Information System)
- Public Portal - Pre-Enrollment (NIDMIS)
- Citizen Portal
- VERSPMIS
- Public Portal - Notification (VERSPMIS)
- SSRPMIS
- GMS (Grievance Management System)
- Digitization System
- Archiving Application System,
- Progress Tracking System

**NIDMIS प्रणालीसँग अन्य विद्युतीय सेवाको आवद्धता (Integration)**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग राहदानी विभागको विद्युतीय प्रणालीको सेवा आवद्धता भइसकेको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग यसै विभागको VERSPMIS प्रणालीको सेवा आवद्धता भई जन्म दर्ताके समयमा राष्ट्रिय परिचय नम्वर (NIN) प्रदान गर्ने कार्य शुरु भएको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग आन्तरिक राजश्व विभाग, नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड, नेपाल राष्ट्र बैंकको प्रणालीसँग आवद्दताको परीक्षण भइरहेको।
- चिकित्सा शिक्षा आयोगसँग सम्झौता भइ मेडिकल अधिकृत प्रवेश परीक्षामा राष्ट्रिय परिचय नम्बर (NIN) अनिवार्य भएको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग अन्य निकायहरुको आवद्धताका लागि निरन्तर छलफल भइरहेको।

**VERSPMIS को अन्य विघुतीय सेवासँग आवद्धता (Integration)**

- नेपाल क्लियरिङ हाउस लिमिटेड र महालेखा नियन्त्रक कार्यालयसँग **VERSPMIS** प्रणालीको सेवा आवद्ध भई चालु आ.व. को चैत्र मसान्तसम्ममा २८ लाख लाभग्राहीले विघुतीय प्रणालीबाट भुक्तानी (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका।
- SSRP पोर्टल मार्फत VERSPMIS System बैंकको System सँग Integration भएको।
- अनलाइनमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSPMIS) सञ्चालन भएका वडा कार्यालय तथा स्थानीय तहमा अनिवार्य रुपमा VPN मार्फत VERSPMIS सञ्चालन गरिएको।
- स्वास्थ्य मन्त्रालयको BRMS (Birth Registration Management System) र DRMS ( Death Registration Management System) सँग VERSPMIS System Integration भइसकेको।
- अध्यागमन कार्यालय, त्रि.अ.वि को नेपाली पोर्टलसँग Service Integration भएको।
- राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय किताबखाना (निजामती) सँग Service Integration भएको।
- कन्सुलर सेवा विभागसँग अन्तर आवद्धता भइ VERSPMIS प्रणालीबाट Verify गर्ने कार्य भइरहेको।
- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग सेवा आवद्धता भई सेवा प्रवाह भइरहेको।

## वित्तीय प्रगति

ब उ शि नं. ३१४०१०११३।४ आव २०८०।८१ को चैत्र महिनासम्मको खर्चको विवरण। खर्च प्रतिशत (रकम रु हजारमा)

| बजेटको प्रकार | कुल बजेट | | | जम्मा खर्च | | | खर्च प्रतिशत | | कुल प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | आ.डि.ए | जम्मा | नेपाल सरकार | आ.डि.ए | जम्मा खर्च | नेपाल सरकार | आ.डि.ए. | |
| पुँजिगत | ३३६८००.०० | १२४७००.०० | ४६१५००.०० | २२७५४२.४५ | १३१.३६ | २२७६७३.८१ | ६७.५९ | ०.११ | ४९.३३ |
| चालु | ४९१९७८.०० | १९३२००.०० | ६८५१७८.०० | १७३०३९.९९ | १६६२३ | १८९६६३ | ३५.१७ | ८.६ | २७.६८ |
| जम्मा | ८२८७७८.०० | ३१७९००.०० | ११४६६७८.०० | ४००५८२.४४ | १६७५४.३६ | ४१७३३६.८१ | ३६.३९ | | |

## गुनासो व्यवस्थापन तर्फः

### गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त

- २०८० चैत्र महिनासम्म दर्ता भएका जम्मा १५२८ गुनासोहरु मध्ये विभागसँग सम्बन्धित १५२५ वटा गुनासोहरु फछ्यौंट भएका।
- २०८० चैत्र महिनामा मात्र दर्ता भएका गुनासोको सङ्ख्या जम्मा १५ रहेकोमा १५ वटा नै फछ्यौंट भएका।

### इमेल मार्फत प्राप्त

- २०८० चैत्र मसान्तसम्ममा प्राप्त भएका २१८ वटा गुनासोहरु मध्ये २१८ वटै फर्छयौट भएका।
- २०८० चैत्र महिनामा दुईवटा गुनासो दर्ता भई फछ्यौंट भएका।

### हेलो सरकार मार्फत प्राप्त

- २०८० चैत्र मसान्तसम्ममा प्राप्त ३६८ वटा गुनासोहरु मध्ये ३६२ वटा फछ्यौंट भएका।
- २०८० चैत्र महिनामा १० वटा गुनासो दर्ता भएका।

आ.व. २०८०/८१ चैत्र मसान्तसम्मको Milestone प्रगति विवरण:

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | (८०-१००% प्रगति) | आंशिक (५०-८०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (०-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | ११ | १७ | १० | - | १ | ६ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ३ | ४ | २ | - | | २ |
| जम्मा | १४ | २१ | १२ | - | १ | ८ |
| प्रगति प्रतिशत | | | ५७.१४ | - | ४.७६ | ३८.०९ |

## सूचना अधिकारी र प्रमुखको नाम र पद:

कार्यालय प्रमुखः महानिर्देशक, श्री युवराज कटेल, सम्पर्क नं. ०१-४२००८९५

सूचना अधिकारीः शाखा अधिकृत, श्री अम्विका खत्री, सम्पर्क नं. ९८५१३५७३६२

## ऐन, कानुन, नियम, कार्यविधि र निर्देशिकाको सूची:

- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्र)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली (पहिलो संशोधन),२०७७
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली (दोस्रो संशोधन),२०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ (पहिलो संशोधन अध्यादेश, २०७७) स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ (पहिलो संसोधन २०७६)
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन २०७६)

- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)
- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु

<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेभसाईट भए सोको विवरण:</u>

https://donidcr.gov.np

**Email: info@donidcr.gov.np**

कार्यालय सम्पर्क नं/ **Help Desk**: 014200014

**Passport Support: 9851316034**

**WhatsApp: 9847346412, 9851300520**

<u>सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:</u> विश्व बैंकको ऋण सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना (SSSPCR) सञ्चालन भईरहेको।

सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषय: औपचारिक/अनौपचारिक रूपमा माग भएका विभागसँग सम्बन्धित सूचनाहरू निरन्तर रुपमा प्रवाह भइरहेको।

**समाप्त**